नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

**मिति: २०८२/१२/३०**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२।१२।२७ को पत्रअनुसार "शून्य बाँकी फाइल सप्ताह" अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ कार्यान्वयनका सम्बन्धमा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८२।१२।१६ र २०८२।१२।१८ को निर्णयबमोजिम यस मन्त्रालयमा गठित सुशासन एकाइका संयोजक सहसचिव श्री रुद्र सिंह तामाङ, सहसचिव श्री सन्दीप कुमार देव, सहसचिव श्री सुशील चन्द्र आचार्य लगायतको टोलीले मन्त्रालय मातहतका विभागहरू - जल तथा मौसम विज्ञान विभाग, जलस्रोत तथा सिंचाइ विभाग र विद्युत विकास विभागमा मिति २०८२।१२।३० गते स्थलगत अवलोकन गरेको थियो।

अनुगमनका क्रममा विभाग तथा मातहतका निकायका पदाधिकारीहरूलाई नेपाल सरकारको हालैको निर्देशनबमोजिम "शून्य बाँकी फाइल सप्ताह" अभियान सञ्चालन गर्न गराउन निर्देशन गरिएको छ।

साथै, अनुगमनका क्रममा देखिएका केही संवेदनशील प्रकृतिका फाइलहरू शीघ्र निर्णयको चरणमा लैजान र निर्णय गर्न नसकिने विशेष प्रकृतिका फाइलहरूको कारणसहित मन्त्रालयमा विवरण पठाउनसमेत सबै विभागीय प्रमुखहरूलाई निर्देशन गरिएको छ।
आगामी दिनमा समेत सो अभियानलाई निरन्तरता दिइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता